"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका

# Bigu Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७८/०८०

चलानी नं./Dispatch No:-

मिति/Date:२०७९/०८/१२

## दोस्रो पटक प्रकाशित सूचना ।

## आ.व २०७९/८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धि सूचना ।

आ.व.२०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना विगु गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम **आ.व २०७९/८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक/कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएकोले मितिले १० औं दिन भित्र अर्थात् (मिति २०७९/०८/२१ गते भित्र) यस विगु गाउँपालिकाको कृषि शाखा कार्यालयमा समय भित्र तोकिएको ढाचाँ (अनुसुची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीको लागी विगु गाउँपालिकाको कार्यालय कृषि शाखा ९८६१०५९५२५,९८६१२८१८०८ मा सम्पर्क गर्न सकिनेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु** :

१.सम्बन्धित निकायमा कृषक/कृषि समूह,सहकारी संस्था,समिति कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

२. कार्यक्रम सञ्चालन हुने स्थान -जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

३. कार्य समितिको निर्णयको प्रतिलिपी ।

४. गत आ.व सम्म कर बुझाएको कार्यालयको प्रमाण-पत्रको प्रतिलिपी ।

५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

६. अनुसुची १० अनुसारको प्रस्तावना ।

७. हस्तलिखित निवेदन एक प्रति ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**नोट : पकेट सञ्चालनको लागि कम्तीमा पनि १५ रोपनी जमिन हनुपर्नेछ । पुनश्च : रितर्पूवक निवेदन नआएमा मान्य हुनेछैन ।**

उज्ज्वल ध्वज खड्का
कृषि अधिकृत

लक्ष्मी प्रसाद रिजाल
नि.प्रमुख प्रशासकीय अधिकृत